आज मिति २०८० साल बैशाख २५ गते सोमवारका दिन जैमिनी नगरपालिकाका नगर-प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको १६औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति</u>

प्रमुख श्री नर बहादुर पुन

उप-प्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री बिमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

# बैठक कार्यसूची

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा ।
२. हालसम्मको आय व्यय कार्यपालिकामा सार्वजनिक गर्ने र हालसम्म सम्पन्न भएका आयोजना कार्यक्रमको फरफारक गर्ने सम्बन्धमा ।
३. उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८० छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
४. स्तानक तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ती व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८० छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
५. जैमिनी नगरपालिकाको लिड स्कुल संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
६. आगामी आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेट तर्जुमाको लागि कार्यक्रम/आयोजना छनौट गरी नगरपालिकामा पेश गर्ने सम्बन्धमा ।
७. मिति २०७९/११/२९ को कार्यपालिका बैठकबाट नगरपालिकामा घर विहीन परिवारको पहिचानको लागि सबै वडा कार्यालय मार्फत विवरण संकलन गर्ने निर्णय भए अनुसार प्राप्त भएको विवरणहरुको स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्नको लागि कार्यदल गठन गर्ने सम्बन्धमा ।
८. जैमिनी नगरपालिकाको योजना र कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०८० छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
९. जैमिनी नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८० छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
१०. जैमिनी संस्कृत आधारभूत पाठशाला जैमिनी -२ दमेकमा कक्षा ८ संचालन अनुमती प्रदान गर्ने सम्बन्धमा ।
११. कालीगण्डकी कोरीडोर सडक निर्माणको जिम्मा पाएको निर्माण कम्पनी कालीका कन्स्ट्रक्सन (प्रा.) लि. काठमाडौंलाई अस्थायी क्रसर प्लान्ट स्थापनाको लागि अनुमती दिने सम्बन्धमा ।
१२. जैमिनी नगरपालिका वडा नं. ८ छिस्तीको पुरानोगाउँमा प्राकृतिक चिडियाखाना तथा बाँदर बगैंचा (Monkey Park) निर्माण गर्ने सम्बन्धमा ।
१३. आवधिक योजनाको ड्राफ्टमाथि छलफल गरी राय सुझाव दिने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

१. यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो। आगामि दिनमा अझ प्रभावकारी र चुस्त ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. नगरपालिकाको आ.व. २०७९/०८० को हाल सम्मको आय र व्यय विवरण प्रस्तुत गरियो । जस अनुसार हालसम्म वास्तविक आम्दानी रु. ६५,८२,८५,२२१।५७ र खर्च रु. ४५,५६,८१,३७८।७९ (६९.२६ प्रतिशत) भएको पाइयो । हाल सम्म बार्षिक बजेटको अनुपातमा चालु खर्च तर्फ रु. ३२,३१,९६,९१६।६९ (६९.२६ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. १३,२१,८४,४६२।१० (३९.७६ प्रतिशत) वित्तीय प्रगति भएको पाइयो । उपरोक्तानुसारको आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट यस आ.व. २०७९/०८० मा हालसम्म सम्पन्न भई विभिन्न मितिमा भुक्तानी भएका आयोजना तथा कार्यक्रम तर्फको रकम र अन्य विभिन्न शिर्षकमा भएको प्रशासनिक तथा अन्य खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

३. जैमिनी नगरपालिकाको उद्यमी अभिभावक प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

४. शान्तिदीप बहुमुखी क्याम्पस कुश्मीसेरामा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ती सम्वन्धमा व्यवस्था गर्न तयार गरिएको स्नातक तह छात्रवृत्ति सम्बन्धी मापदण्ड, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

५. जैमिनी नगरपालिकाको लिड स्कुल संचालन तथा व्यवस्गापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

६. आगामी आ.व. २०८०/०८१ को कार्यक्रम तथा बजेट तर्जुमाको लागि कार्यक्रम/आयोजना छनौट गरी नगरपालिकामा पेश गर्नको लागि स्रोत अनुमान तथा सीमा निर्धारण समितिको बैठकबाट निर्णय भए अनुसार प्रत्येक वडा कार्यालय र नगरपालिकाको लागि बजेट सीमा निर्धारण गरी कार्यक्रम/आयोजना छनौटको प्राथमिकता तथा शर्तहरु समेत तोकी २०८०/०२/१५ गते भित्र नगरपालिकामा पेश गरिसक्ने गरी सबै वडा कार्यालयहरुमा पत्राचार गरिएकोमा तोकिएको समय सीमा र प्राथमिकता तथा शर्त अनुसार नगरपालिकामा कार्यक्रम/आयोजना छनौट गरी पेश गरिसक्ने निर्णय गरियो ।

७. मिति २०७९/११/२९ को कार्यपालिका बैठकबाट नगरपालिकामा घर विहीन परिवारको पहिचानको लागि सबै वडा कार्यालय मार्फत विवरण संकलन गर्ने निर्णय भए अनुसार प्रास भएका विवरणहरु र नगरपालिकाभित्र खरफुसको छाना भएका घरधुरीको समेत स्थलगत निरीक्षण गरी सत्य तथ्य बुझी यकिन गरी जैमिनी नगरपालिकाको घरवार विहीनहरुको आवास निर्माण सम्बन्धी कार्यविधि, २०७५ को परिधिभित्र रही घरविहीन र खरफुसको छाना हाली घर बनाएका परिवारहरुको सूची सहितको छुट्टाछुट्टै प्रतिवेदन तयार गरी ३० दिन भित्र नगरपालिकामा प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको ५ सदस्यीय स्थालगत अध्ययन तथा निरीक्षण कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय:

| | | |
|---|---|---|
| १. कार्यपालिका सदस्य | श्री भरत वि.क. | संयोजक |
| २. कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | सदस्य |
| ३. कार्यपालिका सदस्य | श्री गीताकुमारी वि.क. | सदस्य |

Shagun

४. प्राविधिक शाखा प्रमुख वा प्रतिनिधि सदस्य

५. योजना शाखा प्रमुख वा प्रतिनिधि सदस्य

८. जैमिनी नगरपालिकाको आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

९. जैमिनी नगरपालिकाको बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

१०. जैमिनी संस्कृत आधारभूत पाठशाला जैमिनी -२ दमेकबाट शैक्षिक वर्ष २०८०/०८१ देखि कक्षा ८ संचालन गर्न नगरपालिकामा अनुमती माग भै आएकोमा कक्षा थप बापत नगरपालिकामा कुनै थप आर्थिक दायित्व नपर्ने गरी कक्षा ८ संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

११. राष्ट्रिय गौरवको आयोजना कालिगण्डकी कोरिडोर सडकको हर्मीचौर देखी बलेवा सम्मको सडक खण्ड स्तरोन्नतिको लागि आवश्यक Material प्रशोधन तथा उत्पादन कार्यका निमित्त बागलुङ जिल्ला, जैमिनी नगरपालिका वडा नं. ८ छिस्ती स्थित श्री दिलबहादुर क्षेत्रीको नाममा रहेको कित्ता नं. ११६५, ४७९, ४८० र ४८२ को जग्गामा आयोजना अवधिभर (२०८२/०८/२५) सम्म अस्थायी क्रसर प्लान्ट स्थापना गर्न संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, कालिगण्डकी कोरिडोर (गैंडाकोट – राम्दी – मालढुङ्गा) सडक योजनाको च.नं. ६३८ मिति २०८०।१।०५ को सिफारिस पत्र सहित उक्त सडक स्तरोन्नतिको जिम्मा पाएको निर्माण कम्पनी कालीका कन्स्ट्रक्सन (प्रा.) लि. काठमाडौंको प.च.स.नं. ०७९/८०/५१(K) मिति २०८०।०१।१४ को पत्रबाट अस्थायी क्रसर प्लान्ट स्थापनाको लागि अनुमति माग गरी लेखि आएकोमा नगरपालिकालाई गण्डकी प्रदेश सरकारबाट तोके बमोजिमको रोयल्टी बुझाउने शर्तमा आयोजनाको काममा मात्र प्रयोग गर्ने गरी नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिटी, वालुवा विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ अनुसार उक्त कालीका कन्स्ट्रक्सन (प्रा.) लि. काठमाडौंलाई उपरोक्तानुसारको जग्गामा अस्थायी क्रसर प्लान्ट स्थापना गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

१२. जैमिनी नगरपालिकाको वडा नं. ८ स्थित पुरानो गाउँ क्षेत्र घना वनजंगलले घेरिएको छ । नापी कार्यालय बागलुङको अभिलेख अनुसार करिव २८१ हेक्टर क्षेत्रफलमा उक्त वनक्षेत्र फैलिएको छ भने समथर क्षेत्र मात्र करिव ४२०० रोपनी रहेकोछ । उक्त वन क्षेत्रमा मृग, चितुवा, घोरल, भालु, आदि जंगली जनावर र कालिज, वनकुखुरा, लगायतका असंख्य मनोरम पशुपंक्षीहरु रहेका छन् ।यसको साथै बराजुको मन्दिर लगायत विभिन्न धार्मिक तथा साँस्कृतिक सम्पदा तथा चरन क्षेत्रहरु पनि उक्त वनक्षेत्रमा रहेका छन् । यस क्षेत्र मानव बसोबासदेखि टाढाको दुरीमा रहेको छ । वनजंगलको सघनता र धेरै क्षेत्रफल वनजंगलले घेरिएको हुँदा उक्त स्थानमा प्राकृतिक चिडियाखाना स्थापना गर्न प्रचुर सम्भावना रहेको छ । यसको साथै नगरपालिकाको मुख्य समस्याको रुपमा रहेको बाँदर आतंक जसको फलस्वरुप कृषियोग्य धेरै जग्गाजमिन बाँझै रहने र जनसंख्याको ठूलो हिस्सा बसाइसराई गरी अन्यत्र जाने अवस्था सृजना भएको छ । यसको रोकथामको लागि बाँदर बगैंचा निर्माण गरी उक्त क्षेत्रमा बाँदरको बासस्थान बनाई बाँदरको विषयमा अध्ययन

अनुसन्धान गर्ने क्षेत्रको रुपमा समेत विकास गर्न सकिने सम्भावना रहेको छ । कालिगण्डकी कोरिडोरको नजिकै रहेको यस क्षेत्रमा प्राकृतिक चिडियाखाना, सहित बाँदर बगैंचा निर्माण गर्न सकेको खण्डमा भविष्यमा यस क्षेत्रमा ठूलो संख्यामा पर्यटक समेत भित्र्याउन सकिने प्रवल सम्भावना रहेको छ । यसै विषयमा स्थानीय बासिन्दासँग नगरपालिकाका जानप्रतिनिधि, कर्मचारीहरु, डिभिजन वन कार्यालय बागलुङका जिल्ला वन अधिकृत तथा सहायक वन अधिकृत र समाजसेवी, स्थानीय बुद्धिजिवीहरु समेको सहभागितामा गरिएको छलफल अन्तरक्रियाबाट समेत सबै स्थानीय बासिन्दाहरु सर्वसम्मत रुपमा उक्त स्थानमा प्राकृतिक चिडियाखाना र बाँदर बगैंचा (Monkey Park) निर्माणको लागि सहमति भैसकेको अवस्थामा उक्त क्षेत्रमा प्राकृतिक चिडियाखाना र बादर बगैंचा निर्माणको लागि आवस्यक नीतिगत तथा कार्यक्रम र बजेट व्यवस्था गर्नको लागि संघीय सरकार र गण्डकी प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

१३. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा यस नगरपालिकामा निर्माण भैरहेको ५ वर्षे आवधिक योजना तर्जुमा अन्तर्गत योजनाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, प्रथमिकताका क्षेत्रहरु र विषयगत उपक्षेत्रहरु सम्बन्धमा व्यापक छलफल गरियो । छलफलको क्रममा "समृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी" भन्ने मूल नारालाई नगरपालिकाको दीर्घकालिन सोच बनाउने सर्वसम्मत निर्णय गरियो । त्यसैगरी लक्ष्य, उद्देश्य, रणनीति, प्रथमिकताका क्षेत्रहरु लगायतका विषयमा छलफल गर्दा परामर्शदाता संस्थाका विज्ञहरुले पालिका तथा वडाका परिदृश्य, अवसर, सम्भावना, आदि विषयको गहन अध्ययन गरी तयार गरिएको प्रस्तावित मस्यौदा उपर व्यापक छलफल भई दिइएको सुझाव र निर्देशन अनुसार परिमार्जन सहित थप पुनर्लेखन गरि अन्तिम रुप दिने निर्णय गरियो ।